**आकाशवाणी समाचार- नेपाली**

मितिः २० अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र चीनबीचको स्थिर र रचनात्मक सम्बन्धले क्षेत्रीय तथा विश्वव्यापी स्तरमा शान्ति र समृद्धिलाई प्रवर्द्धन गर्ने बताउनु भएको छ।

- उपराष्ट्रपति पदको चुनावका लागि सत्तारुढ राष्ट्रिय जनतांत्रिक गठबन्धन-एनडीए उम्मेदवार सी.पी. राधाकृष्णनले आज आफ्नो नामांकन दर्ता गर्नु हुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी २२अगस्तको दिन बिहारको गयामा रहेको औथा-सिमरिया पुल परियोजनाको उद्घाटन गर्नु हुनेछ।

- विदेशमन्त्री डा. एस. जयशंकरले आज भारत-रूस व्यापार, आर्थिक मामिला, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहयोग आयोगको २६ औं बैठकको सह-अध्यक्षता गर्नु हुनेछ।

- केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले आगामी पाँच वर्षमा भारत विश्वको अग्रणी अटोमोबाइल उद्योग बन्ने बताउनु भयो।

**प्रधानमंत्री- वांग यी**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र चीनबीचको स्थिर र रचनात्मक सम्बन्धले क्षेत्रीय तथा विश्वव्यापी स्तरमा शान्ति र समृद्धिलाई प्रवर्द्धन गर्ने बताउनु भएको छ। उहाले भारत-चीन सीमामा शान्ति र सद्भाव कायम राख्ने र सीमा विवादको पारस्परिक रूपमा स्वीकार्य समाधान खोज्ने कुरामा जोड दिनु भएको छ। प्रधानमन्त्रीले हिजो नयाँ दिल्लीमा चिनियाँ विदेशमन्त्री वाङ यीसँग भेटवार्ता गर्नु भयो। चिनियाँ विदेशमन्त्रीले श्री मोदीलाई चिनियाँ राष्ट्रपति सी जिनपिङको सन्देश र तियानजिनमा प्रस्तावित सांघाई शिखर सम्मेलनको निमन्त्रणा हस्तान्तरण गर्नु भयो। प्रधानमन्त्री नरेन्द्र मोदीले गत वर्ष कजानमा राष्ट्रपति सी जिनपिङसँगको भेटपछि द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको स्वागत गर्नु भयो, जसमा कैलाश मानसरोवर यात्रा पुनः सुरु गर्नु पनि समावेश छ। उहाले राष्ट्रपति जिनपिङको सांघाई शिखर सम्मेलनको निमन्त्रणा पनि स्वीकार गर्नु भयो। स्रोत अनुसार, हिजो विदेशमन्त्री एस. जयशंकरसँगको भेटमा चिनियाँ विदेशमन्त्री वाङ यीले चीनले भारतलाई मल, दुर्लभ खनिज र सुरुङ बनाउने मसिनहरू उपलब्ध गराउने आश्वासन दिनु भएको छ।

**एनडीए-उपराष्ट्रपति नामांकन**

उपराष्ट्रपति पदको चुनावका लागि सत्तारुढ राष्ट्रिय जनतांत्रिक गठबन्धन-एनडीए उम्मेदवार सी.पी. राधाकृष्णनले आज आफ्नो नामांकन दर्ता गराउनु हुनेछ। हिजो नयाँ दिल्लीमा भएको एनडीए संसदीय दलको बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीले श्री राधाकृष्णनलाई एनडीए नेताहरूसँग परिचय गराउनु हुदै बधाई दिनु भयो। बैठकपछि संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीले सबै दलका सांसदहरूलाई सर्वसम्मतिले श्री राधाकृष्णनलाई निर्वाचित गर्न अपील गर्नु भएको छ। यसैबीच, विपक्षी इन्डिया गठबन्धन उपराष्ट्रपति पदका लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीश बी. सुदर्शन रेड्डीलाई उम्मेदवार बनाएको छ। उपराष्ट्रपति पदको व्हुनाव अर्को महिनाको ९ तारिखमा हुने तय भएको छ। भोली नामांकन दर्ता गर्ने अन्तिम मिति हो। नामांकन पत्रको छानबिन अगस्ट २२ मा हुनेछ। श्री जगदीप धनखडले स्वास्थ्यका कारण गत महिना उपराष्ट्रपति पदबाट राजीनामा दिनु भएको थियो।

**पीएम -गया परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी २२अगस्तको दिन बिहारको गयामा रहेको औथा-सिमरिया पुल परियोजनाको उद्घाटन गर्नु हुनेछ। यस परियोजना अन्तर्गत, गंगा नदीमाथिको लगभग दुई किलोमिटर लामो पुलले पटना जिल्लाको मोकामालाई बेगुसरायसँग सिधै जोड्नेछ। यो पुल पुरानो २-लेनको रेल-सह-सडक पुल 'राजेन्द्र सेतु' सँग समानान्तर बनाइएको छ। नयाँ पुलले उत्तर र दक्षिण बिहार बीचको दूरी १०० किलोमिटर घटाउनेछ। यो परियोजनाले भारी सवारी साधनहरूको लागि यात्रालाई विशेष गरी सजिलो बनाउनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले २०१७ मा यस परियोजनाको शिलान्यास गर्नु भएको थियो।

**एस.जयशंकर**

विदेशमन्त्री डा. एस. जयशंकरले आज भारत-रूस व्यापार, आर्थिक मामिला, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहयोग आयोगको २६ औं बैठकको सह-अध्यक्षता गर्नु हुनेछ। उहाले मस्कोमा भारत-रूस व्यापार मञ्चलाई पनि सम्बोधन गर्नु हुनेछ। डा. जयशंकर हिजो रूसको तीन दिवसीय भ्रमणका लागि मस्को पुग्नु भएको छन्। उहाले रूसी विदेशमन्त्री सर्गेई लाभरोभलाई पनि भेट्नु हुनेछ र द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा छलफल गर्नु हुनेछ। उहाको भ्रमणको उद्देश्य रूससँगको रणनीतिक साझेदारीलाई सुदृढ पार्नु हो। हालै राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले मस्को भ्रमणको क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई पनि भेट्नु भएको थियो।

**<u>गडकरी-के.पी.एम.जी रिपोर्ट</u>**

केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले आगामी पाँच वर्षमा भारत विश्वको अग्रणी अटोमोबाइल उद्योग बन्ने बताउनु भयो। हिज नयाँ दिल्लीमा लेखा, कर र सल्लाहकार सेवा प्रदान गर्ने बहुराष्ट्रिय व्यावसायिक सेवा सञ्जाल के.पी.एम.जी.को प्रतिवेदन जारी गर्नु हुदै उहाले भन्नु भयो, अटोमोबाइल क्षेत्र हाल वार्षिक १४ प्रतिशतको दरले बढिरहेको छ। उहाले भारतको एक्सप्रेसवे र सुरुङ परियोजनाहरूले सडक सम्पर्क सुधार गर्नुका साथै सञ्चालन लागत र यात्रा समय घटाइरहेको बताउनु भयो। हरित गतिशीलता भविष्यमा जोड दिँदै, श्री गडकरीले विद्युतीय सवारी साधन र ब्याट्री निर्माणमा सरकारको विशेष ध्यान केन्द्रित गरेको कुरालाई जोड दिनु भयो। उहाले देश दिगो यातायाततर्फ विश्वव्यापी परिवर्तनको नेतृत्व गर्ने अग्रपंक्तिमा रहेको पनि बताउनु भयो।

**<u>अश्विनी वैष्णव</u>**

मन्त्रिपरिषद्‌ले राजस्थानको कोटा-बुन्दीमा १हजार ५०७ करोड रुपियाँको अनुमानित लागतमा ग्रीन फिल्ड विमानस्थलको विकासलाई अनुमोदन गरेको छ। यस परियोजनामा १००० पिक आवर यात्रुहरूलाई सम्हाल्न सक्ने २० हजार वर्ग मिटर क्षेत्रफलमा फैलिएको टर्मिनल भवनको निर्माण समावेश छ। कोटालाई राजस्थानको औद्योगिक राजधानीको रूपमा मान्यता दिइएको छ। कोटा भारतको शैक्षिक कोचिङ हबको रूपमा पनि प्रख्यात छ। शैक्षिक र औद्योगिक क्षेत्रहरूमा यसको प्रमुखताले ग्रीनफिल्ड विमानस्थललाई एक महत्वपूर्ण पूर्वाधार परियोजना बनाउँछ, जसको उद्देश्य यस क्षेत्रमा अपेक्षित ट्राफिक वृद्धिलाई सम्बोधन गर्नु हो।हिज नयाँ दिल्लीमा मिडियालाई जानकारी दिनु हुदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो , मन्त्रिपरिषद्‌ले ८ हजार ३०७.७४ करोड रुपियाँको लागतमा ओडिशामा ६-लेन पहुँच-नियन्त्रित राजधानी क्षेत्र रिङ रोड निर्माणलाई पनि अनुमोदन गरेको छ। यो भुवनेश्वर बाइपासले कटक, भुवनेश्वर र खोर्धा शहरहरूबाट भारी व्यावसायिक ट्राफिकलाई टाढा राखेर ओडिशा र अन्य पूर्वी राज्यहरूलाई महत्त्वपूर्ण लाभ प्रदान गर्नेछ। यसले समान परिवहन दक्षता बढाउनेछ, रसद लागत घटाउनेछ र क्षेत्रमा सामाजिक-आर्थिक वृद्धिलाई अगाडि बढाउनेछ।

BYTE

**<u>महाराष्ट्र- वर्षा</u>**

महाराष्ट्रमा वर्षा र बाढीका कारण गत चार दिनमा २१ जनाको मृत्यु भएको छ। मुम्बई, ठाणे, पालघर, कोंकण र राज्यका अन्य भागहरूमा चार दिनदेखि भारी वर्षा भइरहेको छ। बाढ प्रभावित नान्देड जिल्लामा आठ जनाको मृत्यु भएको छ। मुम्बईमा रेकर्ड ३०० मिलिमिटर वर्षा भएको छ, जसले सामान्य जनजीवनलाई असर गरेको छ। मौसम विभागले आज विदर्भ क्षेत्रको लागि

रेड अलर्ट जारी गरेको छ। पुणे र मुम्बई बीचका सबै रेलहरू अर्को आदेश नभएसम्मका लागि रद्ध गरिएको छ। ठाणे र रायगड जिल्लामा आज स्कूल र कलेजहरूमा बिदा हुनेछ। पाटन, जावली, महाबलेश्वर, वाई, सतारा र कराडमा आज र भोलि सबै प्राथमिक विद्यालयहरू बन्द रहनेछन्। यी क्षेत्रहरूको लागि ओरेन्ज अलर्ट जारी गरिएको छ। मुम्बईमा मिठी नदीको पानीको सतह खतराको चिन्ह पार गरेको छ। यसलाई ध्यानमा राख्दै, लगभग तीन सय पचास मानिसहरूलाई सुरक्षित स्थानमा लगिएको छ। मोडक सागर बाँध पनि ९८ प्रतिशतसम्म भरिएको छ।

**इंडिया पोस्ट-आईटी 2.0**

आजदेखि देशभरि उन्नत डाक प्रविधिको दोस्रो चरण सुरु हुँदैछ। यसलाई डिजिटल इन्डियातर्फको महत्वपूर्ण उपलब्धि मानिएको छ। यो स्वदेशी प्रविधि डाक प्रौद्योगिकी उत्कृष्टता केंद्र प्रविधिले विकास गरेको हो। यो प्रविधिले मेघराज टु पोइन्ट जिरो क्लाउडमा काम गर्छ। यो प्रविधिले अब मानिसहरूलाई QR कोड मार्फत भुक्तानी गर्न, OTP मार्फत डेलिभरी लिन र शुद्धता बढाउन दस-अङ्कको डिजिपिन प्रयोग गर्न अनुमति दिनेछ।

**दक्षिण-मध्य रेलवे-महिला शक्ति**

दक्षिण मध्य रेलवेको इतिहासमा पहिलो पटक, पाँच विभागहरू हाल महिला अधिकारीहरूद्वारा सञ्चालित छन्। यसमा सञ्चालन, व्यावसायिक, वित्त, सुरक्षा र चिकित्सा विभागहरू समावेश छन्। के. पद्मजा प्रमुख सञ्चालन प्रबन्धक हुन् र रेलहरूको समय निष्ठताको हेरचाह गर्छिन । इति पाण्डेले यात्रु सेवा, मालवाहक राजस्वको हेरचाह गर्छिन्। प्रमुख सुरक्षा आयुक्त अरोमा सिंह ठाकुरले रेलवे सुरक्षा बलको नेतृत्व गर्छिन्। प्रमुख चिकित्सा निर्देशक डा. निर्मला नरसिंहन ८ प्रमुख अस्पतालहरूको स्वास्थ्य सेवाको जिम्मेवारीमा छन्। प्रमुख वित्त सल्लाहकार टी. हेमा सुनिता वित्त व्यवस्थापन र राजस्व वृद्धिको जिम्मेवारीमा छन्।

**एशियाई सुटिंग च्याम्पीयनशिप**

सुहल जुनियर विश्वकप २०२५ च्याम्पियन, कनक बधवार र अगम ग्रेवालले काजाकिस्तानको श्यामकेन्टमा भएको १६ औं एसियाली राइफल/पिस्तोल/शटगन सुटिङ च्याम्पियनसिपको दोस्रो दिन १० मिटर एयर पिस्टल युवा महिला प्रतियोगितामा भारतको लागि पहिलो र दोस्रो स्थान हासिल गरे। कनकले यस सिजनमा आफ्नो प्रभावशाली फर्म जारी राख्दै २३८.२ अंकका साथ स्वर्ण पदक जितिन्। अगम ग्रेवालले २३६ अंकका साथ रजत पदक जितिन्।